(५)

आज मिति २०७४।४।२२ गतेका दिन शान्ती सोनारी गाउपालिका को बैठक निम्न उपस्थितिमा बसी निम्न बमोजिमको निर्णय गरियो।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री लाहुराम थारु | अध्यक्ष | |
| श्री धनी कुमारी खत्री | उपाध्यक्ष | |
| श्री चन्द्र बहादुर वली | वडा अध्यक्ष | १ नं. |
| श्री मदन कुमार वली | ,, - ,, | २. |
| श्री गंगाराम थारु | ,, - ,, | ३ |
| श्री कान्धा थारु | ,, - ,, | ४ |
| श्री झगरु थारु | ,, - ,, | ५ |
| श्री जनक बहादुर थारु | ,, - ,, | ६ |
| श्री राम लखन थारु | ,, - ,, | ७ |
| श्री खुम बहादुर वालेत | ,, - ,, | ८ |
| श्री महावीर वली | ,, - ,, | ९ |
| श्री दमकला जैसी | बोर्ड सदस्य | |
| श्री नैनी कुमारी खत्री | ,, - ,, | |
| श्री मीना कुमारी विक | ,, - ,, | |
| श्री लिला नेपाली | ,, - ,, | |
| श्री देवराज कुमाल | ,, - ,, | |
| श्री पतरी दमाई | ,, - ,, | |
| श्री भरत कुमार मल्ल | कार्यकारी अधिकृत | |

प्रस्तावहरु :-

१. गाउँ सभाको मिती संशोधन सम्बन्धमा
२. विषयगत समितीहरु तथा बजेट तथा योजना तर्जुमा समितीको बैठक सम्बन्धमा
३. प्राकृतिक स्रोत (ढुंगा, गिट्टी, बालुवा) सम्बन्धमा
४. वार्षिक नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धमा

निर्णयहरु :-

नि. नं. १ - प्रस्ताव नं. १ उपर छलफल गर्दा थरु राप्ती सोनारी गाउँपालिकाको गाउँसभा मिती २०७४/०४/२५ गते देखि शुरु गर्ने भनि मिती तय गरिएकोमा सो मितीमा नै जिल्ला समन्वय समितीको निर्वाचन हुने भएकोले सो निर्वाचनमा मतदान गर्ने अध्यक्ष तथा उपाध्यक्ष जिल्ला सभामा जानुपर्ने भएकोले निर्धारित मितीमा गाउँसभा प्रारम्भ गर्न नसकिने भएको हुँदा पूर्व निर्धारित मिती २०७४/०४/२५ लाई संशोधन गरी मिती २०७४/०४/३१ देखि गाउँसभा संचालन गर्ने निर्णय गरियो।

नि. नं. २ - प्रस्ताव नं. २ उपर छलफल गर्दा राप्ती सोनारी गाउँपालिकाको आसन्न पहिलो गाउँसभा (बजेट अधिवेशन) सम्पन्न गर्नका निम्ती सबै वडा समितीहरुबाट योजना तथा कार्यक्रमहरु गाउँकार्यपालिकामा आइसकेकोले सो माथी थप छलफल गरी गाउँसभामा पेश गर्न बजेट तथा कार्यक्रम तर्जुमा समिती ~~को~~ र विभिन्न विषयक्षेत्रगत समितीहरुको बैठक मिती २०७४/०४/२३ गते देखि प्रारम्भ गर्ने निर्णय गरियो।

नि. नं. ३ - प्रस्ताव नं. ३ उपर छलफल गर्दा थरु राप्ती सोनारी गाउँपालिकाको विभिन्न क्षेत्रबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन भईरहेको बुझिन आएकोले सो सम्बन्धमा यथार्थ के भएको हो भनी बुझ्न सम्बन्धित निकाय/पक्षहरु लाई पत्राचार गर्ने निर्णय गरियो।

नि. नं. ४ - प्रस्ताव नं. ४ उपर छलफल गर्दा राप्ती सोनारी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा ~~को~~ गाउँकार्यपालिकाका सदस्यहरुबाट सुझाव तथा परामर्श माग गर्ने एवं सो सुझाव/परामर्शलाई वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरियो।